## ४. स्वास्थ्य व्यवस्थापन

रोग लगेर उपचार गर्नु भन्दा रोग लग्न नदिनु बुद्धिमानी भन्ने भनाईलाई बाखा पालन व्यवसायमा चरितार्थ पार्नु पर्छ किनकि जति खर्च बाखाको उपचारमा लाग्छ त्यो भन्दा बढी घाटा व्यवसायीले व्यहोर्नु पर्छ । जसको लागि नियमित रुपमा जैविक सुरक्षा अपनाउने, जुत्तो परिक्षण गरि तल दिएका जुकाको औषधि खुवाउनु पर्छ।

बाखाको लागि वार्षिक जुकाको औषधि खुवाउने तालिका

| क्र.स. | औषधिको नाम | खुवाने महिना | मात्रा | परजीवी विरुद्ध |
|---|---|---|---|---|
| १ | एलवेण्डाजोल | बैशाख | ७.५ मि.ग्रा./के.जी. | गोलो र नाम्ले जुका |
| २ | फेन्वेन्डाजोल | जेष्ठ | ७.५ मि.ग्रा./के.जी. | फत्ते र गोलो जुका |
| ३ | प्राजिकुईन्टल | आषाढ | १० मि.ग्रा./के.जी. | फित्ते जुका र चुर्ना |
| ४ | एलवेण्डाजोल | श्रावण | ७.५ मि.ग्रा./के.जी. | गोलो र नाम्ले जुका |
| ५ | फेन्वेन्डाजोल | भाद्र | ७.५ मि.ग्रा./के.जी. | फित्ते जुका र चुर्ना |
| ६ | एलवेण्डाजोल | मङ्सिर | ७.५ मि.ग्रा./के.जी. | गोलो र नाम्ले जुका |
| ७ | प्राजिकुईन्टल | फाल्गुन | १० मि.ग्रा./के.जी. | फित्ते जुका र चुर्ना |
| ८ | आईभरमेक्टिन | आवश्यकता अनुसार | १ एम.एल./३३ के.जी. शारीरिक तौल | भित्रि तथा बाहिरी परजीवी |
| ९ | अक्सिक्लोजानाईड | श्रावण | १५ मि.ग्रा./के.जी. | गोलो, नाम्ले र अन्य भित्रि परजीवी |

जुत्तो परिक्षण गर्ने व्यवस्था नभएको स्थानमा फमचा कार्डको आधारमा पनि औषधि खुवाउन सकिन्छ । बाहिरि परजीवीको हकमा भने वर्षको २ पटक आश्विन र चैत्रमा बाखालाई डिपिङ्ग गर्नुपर्छ र अन्तिमा बचेको पानी खोरमा छर्कनुपर्छ ।

बाखाको लागि वार्षिक खोप लगाउने तालिका

| क्र.स. | रोगको नाम | पहिलो पटक लगाउने उमेर | मात्रा | दोस्रो पटक | लगाउने समय |
|---|---|---|---|---|---|
| १ | पि.पि.आर | ३ महिना भन्दा बढी | १ एम.एल. छालामुनि | नपर्ने | बार्षिक रुपमा माघ/फागुन |
| २ | खोरेत | ३ महिना भन्दा बढी | २ एम.एल. छालामुनि | नपर्ने | बार्षिक रुपमा बैशाख/जेष्ठ |
| ३ | ईन्टिरोटक्सीमिया | ३-४ महिना भन्दा बढी | ५ एम.एल. छालामुनि | पहिलो पटक लगाएको ३-४ हप्ता पछि | प्रत्यक ६ महिनामा बैशाख-असोज |

## ५. बजार व्यवस्थापन

बाखा फार्मलाई व्यवस्थित बनाउन ट्यागिङ्ग र रेकडिङ्ग अनिवार्य रुपमा गर्नुपर्छ अन्यथा फार्ममा भएका बाखा कुन जात र कति ब्लड लेवलका हुन् भन्ने थाहा नहुने हुँदा कुनै पनि बाखा तथा बोकालाई प्रजननको लागि बिक्रि गर्न सकिन्न ।




पाठा जन्मेको २-३ महिनामा पहिलो पटक छनोटगरि व्याडको लागि अनुपयुक्तलाई सोहि समयमा खसी पार्नुपर्छ ।




खसी पारेको १२-१५ महिना भित्र खसीलाई बेची सक्नु पर्छ र व्याडको लागि उपयुक्त बोकालाई ८/९ महिनाको उमेरमा विक्री गर्दा उपयुक्त मूल्य पाईन्छ । बाखा पालन व्यवसायलाई कृषि पर्यटन सँग जोड्दा नाफा कमाउने सम्बभाना बढी हुन्छ भने बाखा फार्मबाट सुरुको समयमा आम्दानी नहुने हुँदा लोकल कुखुरा, प्राङगारिक तरकारी तथा घाँसको विउ र बेर्ना उत्पादन गरि नियमित विक्री गर्दा खर्च धान्न सहज हुन्छ । व्यवसायलाई बढी नाफामुलक बनाउन उत्पादन कर्ता मात्र नभई मूल्य शृंखलाको प्रत्येक स्टेपमा आर्फ सहभागी हुनु पर्छ । पहाडमा पनि पशु हाटबजारको व्यवस्था मिलाउन सके खसी बोकाको विक्री वितरणमा सहजता हुन्छ । बाखा पालनको दश बुँदे अवधारणालाई व्यवहारमा उतार्नसके बाखा पालन व्यवसाय अझ बढी व्यवस्थित हुन्छ ।

सानन बाखाको बोकालाई मासुको लागि र बाखीबाट उत्पादन हुने दूधबाट चिज, पनिर, साबुन तथा अन्य कस्मेटिक्स सामान बनाई बढी भन्दा बढी मूल्यमा विक्री गर्न सकिन्छ । पस्मिनाको उत्पादन र गुर्णस्तर बढाएर विभिन्न सामान बनाई विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । बाखापालन व्यवसायीहरु एउटा संघ संस्थामा आवद्ध भई बाखापालक कृषकको हक हितमा लड्नसके बाखापालन व्यवसायमा रहेका नीतिगत समस्याहरु समाधान गर्न सकिन्छ ।




सम्पूर्ण बाखा फार्मले अनिवार्य रुपमा बाखाको विमा गरि सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ साथै बाखाको जात उमेर, अवस्था र परल मूल्य अनुसार बिमाङ्क रकम कायम गर्न बीमा ऐनमा सुधार गर्नु पर्ने देखिन्छ ।

**प्रकाशनः**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि सूचना तथा प्रशिक्षण केन्द्रद्वारा प्रकाशित**

हरिहरभवन, ललितपुर

प्रकाशन मितिः ६-२०७८

फोन नं. ०१-५४२२२५५८, ५४२५६१७, ५५२२२४८, ५५५५१२७

Email: info@aitc.gov.np, website: www.aitc.gov.np

किसान कल सेन्टर टोल फ्रि नं.: १६६००१९५०००



# आधुनिक बाख्रापालन प्रविधि

लेखक

श्री दिपक अधिकारी, वैज्ञानिक

नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम, बन्दीपुर, तनहुँ

## परिचय

नेपाल कृषि प्रधान देश हो | राष्ट्रिय गार्हस्थ उत्पादनको २४.२६% हिस्सा कृषि क्षेत्रले ओगटेको छ | कृषि पेशाको अभिन्न अङ्गको रुपमा रहेको पशुपालन क्षेत्रले कृषिको गार्हस्थ उत्पादनमा २५.७% योगदान दिएको छ । पशुपालन क्षेत्रमा बाख्रा पालन एक महत्वपूर्ण तथा हाल व्यवसायीक रुपमा बढ्दै गएको एउटा प्रमुख व्यवसाय हो | नेपालका करिव ४३% घरधुरीले बाख्रा पालिरहेकाछन् भने हाल बाख्राको संख्या १,२८,११,९५३ रहेको छ जसबाट ७५,०२३ मे. टन मासु उत्पादन भईरहेको छ जुन जम्मा मासु उत्पादनको १३.५९% हो (कृषि तथा पशु विकास मन्त्रालय २०७७) |

विक्रम सम्बत २०६२ मा विदेशबाट २,७४,८१४ वटा खसी, बोका तथा बाख्रा नेपालमा आयात भएकोमा २०६७ मा यो संख्या बढेर ४,७५,८५३ पुग्यो | खसीको मासुको माग बढे अनुसार नेपाली कृषकहरुले पनि बोर लगायत बढी उत्पादनशील जातका बाख्रा तथा व्यवसायिक ब्राखापालनमा उल्लेख्य बृद्धिको कारण बाख्राको उत्पादन र उत्पदकत्व बढेको हुँदा प्रत्येक वर्ष खसी बोकाको आयात घटेको छ | जसको फलस्वरूप २०७७ मा १०,२९२ वटा खसी, बोका तथा बाख्रा भारत र अस्ट्रेलियाबाट र २०७८ मा १३,८२७ भारतबाट आयात भएको पाईन्छ |

हाल मासुको लागि मात्र नभएर दूध तथा चिज उत्पादनको दृष्टिकोणबाट पनि बाख्रा पाल्न थालिएको छ | यसको साथै च्याङग्राबाट उत्पादन हुने पश्मिनाको गुर्णस्तर वृद्धि गरि सो बाट बन्ने उच्चकोटिका लत्ताकपडा निर्यात वृद्धि गर्न सकेमा तथा बाख्राको छाला, हड्डी र बोसोको सहि सदुपयोग गर्न सकेमा यो व्यवसायबाट मनग्य आर्थिक लाभ लिनुको साथै वेरोजगारको समस्या समेत कम हुन्छ | साथै बाख्राको मासु विदेश निर्यात गर्न सकिने प्रबल सम्भावना छ भने यसको मल मुत्र प्राङ्गारिक कृषि उत्पादनको लागि उपयुक्त हुन्छ | नाफामुलक बाख्रा पालन व्यवसायको लागि जात तथा प्रजनन्, सन्तुलित आहारा, पौष्टिक घाँस र चरन, व्यवस्थित खोर निर्माण, स्वास्थ व्यवस्थापन तथा बजार व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ |

### १. जात तथा प्रजनन् व्यवस्थापन

बाख्रा पालन व्यवसाय गर्ने कृषकहरुले आफुले व्यवसाय गर्ने स्थानमा हुन सक्ने उपयुक्त बाख्राका जातहरु छनोट गरि यो व्यवसाय सुरु गर्नु पर्छ | मध्य पहाडमा मासुको लागि उपयूक्त बाख्राको जातहरु शुद्ध खरी, शुद्ध बोर, खरी र जमुनापरी क्रस, खरी र बारबरी क्रस, खरी र बोर क्रस, शुद्ध बारबरी हुन् र बोका भने



८७.५ देखि १००% बोरको ब्लड लेबलको खरी सँगको क्रस वा शुद्ध राख्नु पर्छ | तेस्तै तराईको लागि तराई बाख्रा, शुद्ध बोर, तराई बाख्रा र जमुनापरी क्रस, तराई बाख्रा र बारबरी क्रस, तराई बाख्रा र बोर क्रस, शुद्ध बारबरी तेस्तै बोकाको हकमा ८७.५ देखि १००% बोरको ब्लड लेबलको तराई बाख्रा सँगको क्रस वा शुद्ध उपयुक्त हुन्छ |

बाख्रा पालन सुरुवात गर्दा ५ बाख्रा प्रति रोपनी जमिनका दरले घाँस खेति गर्नु पर्छ भने ३० बाख्रा बराबर १ व्याड बोका र १ कामदारको अनुपात मिलाउनु पर्छ | सुरुको व्याड बोका सोहि माउहरुको लागि ५ वर्ष सम्म प्रयोग गर्न सकिन्छ तर पाठीको लागि छुटै व्याड बोका व्यवस्था गर्नपर्छ | स्थानीय जातको बाख्राका पाठापाठीलाई १० महिना र उन्नत जातको १२ महिना भएपछि प्रजननको लागि प्रयोग गर्ने गर्नुपर्छ | पाठापाठी ३ महिनाको भएपछि अनिवार्य रुपमा माउको दूधबाट छुटाउनु पर्छ | व्याड बोकालाई सम्भव भएमा हप्तामा ३ वटा र नभएमा दिनमा १ वटा बाख्रामा भन्दा बढी प्रजनन नगराउने गरी व्यवस्था गर्नुपर्छ | प्राकृतिक तथा कृतिम गर्भाधान गराउदा हाड नाता पर्न दिनुहुन्न भने प्रत्यक पुस्तामा राम्रा बाख्रा र बोका छनोट गरि क्रस गराउनु पर्छ र नराम्रालाई हटाउदै जानुपर्छ | राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम बन्दीपुरमा भएका शुद्ध जातका बाख्राको उत्पादकत्व हेर्दा बोर बाख्राको वार्षिक तौल सबै भन्दा बढी ५१.५२ के.जी. देखिन्छ जुन स्थानीय खरी बाख्राको भन्दा दोब्बर हो भने बोर क्रस बाख्राको तौल खरीको भन्दा ५०-५५% बढी पाईएको छ |

### २. सन्तुलित आहारा, पौष्टिक घाँस र चरन

सामान्यतया बाख्राको लागि उसको शारीरिक तौलको ४% सुख्खा पदार्थको आवस्यकता पर्छ | सामान्य अवस्थामा शारीरिक तौलको १% का दरले दाना दिनु पर्छ | तर व्याउने ६० दिन अगाडी र व्याएको ६० दिन सम्म भने २% का दरले दाना दिनु पर्ने हुन्छ | बाख्रालाई चाहे अनुसार पानी खाने व्यवस्था गर्नुपर्छ भने एक दिनमा ३ पटक घाँस र २ पटक दाना दिनुपर्छ | बाख्राको आहारामा हुने सुख्खा पदार्थको विभाजन निम्न अनुसार गर्नु पर्छ |

भर्खर जन्मेका पाठापाठीको लागि १६-१८% प्रोटिन भएको क्रिप रासन खुवाउनु पर्छ भने व्याउने तथा व्याएका बाख्राको लागि १७-१८% कच्चा प्रोटिन भएको दाना र सामान्य अवस्थाको बोका, बाख्रा तथा खसीको लागि १२-१३% प्रोटिन भएको दाना दिनु पर्छ |




वर्षैभरी घाँसको व्यवस्था गर्नको लागि स्थानीय हावापानीमा हुने हिउदे, वर्षे, तथा बहु वर्षे भुई घाँसको साथ साथै डाले घाँस लगाउनु पर्छ | छिट्टो बढ्ने डाले घाँस जस्तै टंकी, किम्बु, राई खनायो र ईपिल-ईपिललाई विशेष जोड दिनु पर्छ | हिउद तथा सुख्खा मौषममा घाँसको अभाव हुन नदिन साईलेजको व्यवस्था गर्ने, हे बनाउने तथा पराल उपचार गरि खुवाउने साथै सुख्खा याममा खनिजको कमि हुन नदिन युरिया मोलासेस मिनिरल ब्लक बनाएर ५० ग्राम प्रति बाख्रा प्रति दिन खुवाउने गर्नुपर्छ र स्थानीय जातका पाठी, थारा बाख्रालाई चराउने तथा उन्नत जातको बाख्रा, खसी, बोकालाई बधुवा गरि पाल्नु पर्छ जसले गर्दा ज्यामी र घाँसको व्यस्थापन गर्न सहज हुन्छ |

### ३. व्यवस्थित खोर निर्माण

खोर बनउने ठाउँ तातो, ओभानो, न्यानो, पाहारिलो तथा दक्षिण दिशा फर्केएको पाटो हुनु पर्छ | खोर बनाउँदा खोरको मोहडा दक्षिण दिशा फर्काएर बाख्राको उमेर, अवस्था, लिङ्ग अनुसार छुट्टा छुट्टै खोर तथा कोठाको व्यवस्था हुने गरि बनाउनु पर्छ | खोर बनाउदा स्थानीय सामग्रीको प्रयोग गरि जति सक्दो कम खर्चमा निम्न नापको निम्न डिजाईन अनुसार बनाउनु पर्छ |

| क्र.स. | विवरण | नाप |
|---|---|---|
| १ | खोरको लम्बाई | बाख्राको संख्या अनुसार |
| २ | खोरको चौडाई | ६-८ मि. (१२ मि भन्दा नबढाउने) |
| ३ | जगको गहराई | ७५ से.मि. |
| ४ | भुँईको भिरालो पन | ३.५ देखि ५% |
| ५ | भुइको सतह देखि टाँडको उचाई | १ मि. देखि १ मि. २५ से.मि. |
| ६ | कोरिडोरको चौडाई | १ मि. ५० से.मि. |
| ७ | मूल ढोकाको चौडाई | १ मि. २० से.मि. |
| ८ | मूल ढोकाको उचाई | १ मि. ७५ से.मि. |
| ९ | प्रति कोठा बाख्राको संख्या | २५ देखि ३० |
| १० | प्रति कोठा बोकाको संख्या | १ राख्नु उपयुक्त हुन्छ |

नियमित रुपमा खोरको सर सफाई गर्न सकेको खण्डमा रोग तथा परजीवीको प्रकोप कम हुन्छ |

बाख्राको संख्या अनुसार ३ देखि ६ वटा कोठा भएको खोर बनाउन सकिन्छ भने कोठाको लम्बाई र चौडाई पनि बाख्राको संख्या अनुसार नै घटबढ गर्नुपर्छ | भर्खर जन्मेका पाठापाठीहरुको लागि जाडो समयमा ब्रुडिङ्ग गर्न सके मृत्युदरलाई सून्यमा झार्न सकिन्छ | खोरको नजिक बाख्रा खेल्ने यार्ड बनाउनसके जाडोको समयमा घाम तपाउन, उपचार गर्न, बोका खोजेको पत्ता लगाई कृतिम तथा प्राकृतिक गर्भाधान गराउन सहज हुन्छ |